

# सम्पूर्ण जीवन राष्ट्रलाई : टेकु नेपाली



● कमला सुवेदी

## प्रारम्भ

निरन्तरको संघर्ष, लगनशिलता र परिश्रमले मानिसलाई लक्ष्यमा पुगाइ छाड्छ। यो भनाइ टेकु नेपालीको जीवनमा लागु हुन्छ। दृढ इच्छा शक्तिकी धनी नेपालीले अनेकौं बाधा अवरोधहरूलाई छिचोल्दै समाजमा आफ्नो छुट्टै पहिचान बनाउनु भएको छ। सानो कदकाठीको शरीर तर विचार र सिद्धान्तमा अडिग उहाँ कमलो र सहयोगी मन भएको हुनहुन्छ। सामाजिक र राजनीतिक परिवर्तनको आन्दोलनमा निरन्तर लागेर आफ्नो सम्पूर्ण जीवन राष्ट्रका नाममा समर्पित गर्नुभएको छ ।

शिक्षकदेखि सभासदसम्मको यात्रा सफलतापूर्वक पूरा गर्ने टेकु नेपालीको जन्म स्याङ्जा जिल्लाको मनकामना गा.वि.स. ६ तर्ले (हाल: विरुवा गाउपालिका-८) मा वि.स.२०१३ साल चैत्र १५ गते बुबा झलकसिंह मित्रकोटी र आमा धनश्री मित्रकोटीको कोखमा भएको हो। उहाँका एक दाजु, दुई भाइ र चार दिदीहरू हुनुहुन्छ।

## बाल्यकाल र शिक्षा

पण्डित गंगाधर लम्सालको आँगन उहाँको पहिलो विद्यालय थियो। त्यसै विद्यालयमा छ वर्षको उमेरमा खरी पाटीमा लेखेर अक्षारम्भ गर्नुभएको हो। त्यसपछि एक घण्टाको दुरीमा रहेको श्री जन जागृति प्राथमिक विद्यालय, विरुवामा कक्षा एक र दुई तथा श्री चैतन्य भवानी प्राथमिक विद्यालय, सिरनछापबाट कक्षा तीन, चार र पाँच उत्तीर्ण गर्नुभएको हो। घण्टौं हिडेर जानु पर्ने त्यस भेकको एकमात्र नव ज्योति माध्यमिक विद्यालय, विरुवा बाट वि.स. २०३२ सालमा एसएलसी उर्तीण गर्नु भयो। उहाँ पढाईमा अब्बल हुनुहुन्थ्यो। उहाँ जेहेन्दार, अनुशासित र लगनशिल विद्यार्थीका रूपमा सबैको प्रिय हुनुहुन्थ्यो। विद्यालयमा आयोजना हुने खेलकुद, हाजिरी जवाफजस्ता अतिरिक्त क्रियाकलापमा सक्रिय भएर भाग लिने गर्नुहुन्थ्यो। नेपालीलाई यस्ता अतिरिक्त क्रियाकलापले सामाजिक कार्यमा सक्रिय हुन प्रेरित गरेको थियो। सिपालु र जिज्ञासु भएकाले उहाँ सबै शिक्षकको प्रिय हुनहुन्थ्यो।

उहाँले पृथ्वीनारायण क्याम्पस पोखराबाट प्रवीणता प्रमाण पत्र तहसम्मको अध्ययन गर्नु भएको छ।

तत्कालीन समाजमा छोरी, त्यसमा पनि दलितलाई शिक्षा आर्जन गर्नु त्यति सजिलो थिएन । छोरी पढाउनु भनेको बिगार्नु हो भन्ने तत्कालिन समाजमा बुबालाई छोरी किन पढाउछौ काममा नलगाएर भनेर धेरै ठाउँबाट धेरै प्रश्नहरू सोध्ने गरिन्थ्यो ।

उहाँका बुबाले केही समय भारतीय सेनामा भर्ति भएर काम गर्नु भएको थियो । तत्कालिन राणा शासनको विरुद्धमा वि.स. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली कांग्रेसको झण्डा बोकी आन्दोलनमा सहभागी हुनुभएको थियो । उहाँले बनारसबाट संस्कृत विद्या हासिल गर्नु भएको थियो । शिक्षाको महत्वका विषयमा राम्रो ज्ञान थियो । भारत बसाई र राजनीतिक गतिविधिमा सामेल भएका कारण होला उहाँको सोचाई फराकिलो थियो । छोरा र छोरीमा केही फरक हुँदैन पढाउनु पर्छ भन्ने गर्नुहुन्थ्यो । आजको टेकु बुबा कै कारण बनेको उहाँ बताउनु हुन्छ ।

## शिक्षिका दलित हुँदा

एसएलसी दिएर फर्केको लगतै वि.स.२०३१ साल चैत्र २५ गतेबाट नेपालीले आफूले पढेको विद्यालय श्री जन जागृति प्रा.वि. स्कुलमा पढाउन थाल्नु भयो । त्यतिबेला एक दलित महिला आफ्नै गाउँको स्कुलमा शिक्षिका बन्ने कुरा त्यति सहज र सजिलो विषय थिएन । आफ्नै घरका लुगा सिलाउने दमाइकी छोरीलाई शिक्षिकाका रूपमा कथित गैरदलितले स्वीकार र सम्मान गर्ने कुरा थिएन ।

विद्यालयमा पनि राम्रो व्यवहार हुन्नथ्यो । उहाँसँग नबोल्ने, बोल्दा पनि झर्केर बोल्ने गरिन्थ्यो । पहिलो दिन त हाजिरसम्म गर्न दिइएको थिएन । करिब तीन महिना उक्त विद्यालयमा पढाउनु भयो । पछि अघोषित बहिष्कार स्वरूप करिव डेढ घण्टाको बाटो हिड्नुपर्ने विद्यालयमा काज सरुवा गरियो । त्यस विद्यालयबाट नै उहाँले स्थायी नियक्ति पाउनु भयो । तीन वर्ष पछि पुन: पहिलो विद्यालयमा सरुवा भएर आउनु भयो । करीब तीस बर्षको सेवा अवधिमा छ वर्ष प्रधान अध्यापकको जिम्मेवारी पुरा गर्नुभएकी टेकुले पछि आफ्नो बोलीवचन र व्यवहारले सबैको मन जित्न सफल हुनु भयो ।

## राजनीतिक यात्रा

वि.स.२०२९ सालमा स्कुलको वामपन्थी विद्यार्थी संगठनको इकाई उपाध्यक्षमा निर्वाचित भएर उहाँले आफ्नो राजनीतिक यात्रा शुरु गर्नु भयो ।

उहाँ पढ्ने विद्यालयका प्रधानाध्यापक टंकप्रसाद पोखरेल कम्युनिष्ट पार्टीप्रति आस्था राख्नु हुन्थ्यो । कम्युनिष्ट विद्यार्थी संगठनमा आवद्ध हुने प्रेरणा उहाँबाट पाएको टेकु बताउनु हुन्छ। टेकु नेपालीले वि.स. २०३१ सालमा नेकपा (मार्क्सवादी) को साधारण सदस्यता लिनुभयो । वि.स. २०३२ सालमा नेपाल राष्ट्रिय शिक्षक संगठनको सदस्यता लिएर उहाँले वामपन्थी शिक्षक संगठनको सदस्य, इलाका इन्चार्ज हुँदै वि.स. २०५२ सालदेखि २०५८ सालसम्म दुई कार्यकालसम्म राष्ट्रिय शिक्षक संगठनको जिल्ला सदस्यको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नु भयो । साथै एक कार्यकाल राष्ट्रिय शिक्षक संगठनको केन्द्रीय प्रतिनिधि र एक कार्यकाल शिक्षक यूनियनको केन्द्रीय प्रतिनिधि एवं आजीवन सदस्य रहनुभएको छ ।

वि.स. २०४७ सालमा पार्टीको संगठित सदस्यता पाए पछि उहाँले बिरुवाअर्चले गाउँ कमिटीको उपसचिव, इलाका सदस्य, क्षेत्रीय सदस्य, तीन कार्यकाल जिल्ला कमिटीको सदस्य, सचिवालय सदस्य, गण्डकी अञ्चल कमिटीको सदस्य, नेकपा एमालेको केन्द्रीय महिला विभाग सदस्य हुँदै नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद् सचिवालय सदस्य समेतको जिम्मेवारी पूरा गर्नुभएको छ ।

यसैगरी उहाँले वि.स.२०३९ मा अखिल नेपाल महिला संघको साधारण सदस्य, वि.स.२०५३ सालमा अखिल नेपाल महिला संघ, स्याङ्जा जिल्ला कमिटीको सदस्य, उपसचिव, सचिव, उपाध्यक्ष हुँदै वि.स.२०६० सालमा जिल्ला अध्यक्षको जिम्मेवारी वहन गर्नु भयो ।

त्यसैगरि नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेपालको जिल्ला सदस्य, एक कार्यकाल जिल्ला अध्यक्ष हुँदै वि.स.२०६० सालमा सम्पन्न संगठनको राष्ट्रिय सम्मेलबाट केन्द्रीय उपाध्यक्षको रूपमा नेतृत्व गर्ने अवसर पाउनु भयो । हाल उहाँ मुक्ति समाज नेपालको केन्द्रीय उपाध्यक्ष तथा महिला विभाग प्रमुखका

साथै गण्डकी प्रदेशको इन्चार्जको भूमिका कुशलतापुर्वक निर्वाह गरिरहनु भएको छ ।

## सामाजिक क्षेत्रमा

जीवनको उज्यालो शिक्षालाई मान्ने टेकुले आफ्नो गाउँमा साक्षारता अभियान चलाउन अग्रसर हुनु भएको थियो । आफ्नो गाविसका सबै वडाहरूमा प्रौढ शिक्षा सञ्चालन गर्नका लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन दिने, प्रौढ शिक्षा कार्यक्रम ल्याउने देखि उहाँ आफैले निरिक्षकको भूमिका समेत निर्वाह गर्नु भएको थियो । रेडक्रस सोसाइटीको आजीवन सदस्य, सामूदायिक उर्जा विकास कार्यसमूहको सदस्य तथा सामुदायिक उपभोक्ता राष्ट्रिय महासंघको दुई कार्यकाल केन्द्रीय सचिव भएर काम गर्नुभएको छ । अझैं पनि सामाजिक क्षेत्रमा सकृय हुनुहुन्छ । हाल उहाँ बिरुवा गाउँ पालिकामा रहेको नवज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्छ ।

## छुवाछुत विरुद्धको आन्दोलनमा

दलित भित्र दमाई समुदायमा जन्मिनु भएकी टेकु नेपालीले बुझ्ने भए देखि जात कै कारण जुन छि छि र दूरदूर सहनु पर्‍यो त्यस पीडाले नै उहाँ विभेद विरुद्धको आन्दोलनमा होमिनु भयो ।

उहाँको घर विश्वकर्मा बस्तीको बीचमा पर्दथ्यो । चारैतिर विश्वकर्माहरूको घरका माझमा पाँच घर मात्रै परियारहरूका थिए । दलितभित्र पनि बिश्वकर्माले परियारलाई विभेद गर्ने प्रचलन रहिआएको छ । पँधेरामा जाँदा र पानीको गाग्री बोकेर आउँदा विश्वकर्माहरूले परियार समुदायका मान्छेलाई टाढैबाट छोइन्छ भनेर हकार्ने गर्दथे । त्यसैगरी गैरदलित समुदायका मान्छेले पनि छिछि र दुरदुरको व्यवहार गर्दथे । दमाईले सिलाएको लुगा लगाएर सबै पवित्र मानिने कार्य गर्नु हुने तर तिनैलाई भने अछूत मानिने ! जातका कारण पाइला पाइलामा सहनु परेको अपमानले उहाँको मन छियाछिया हुन्थ्यो ।

परिवर्तन आफू र आफ्नो परिवारबाट गर्नुपर्दछ भन्ने विश्वास टेकु नेपालीमा पहिलादेखि नै थियो । दलित समुदायमाथिको उत्पीडन र विभेदलाई नजिकबाटै

देख्नु र भोग्नु भएकी टेकु नेपाली समानताका पक्षमा र उत्पीडनका विरुद्ध निरन्तर लडीरहनु भएको छ ।

स्याङजा जिल्लामा जातीय विभेदका विरुद्ध थुप्रै संघर्षहरू भएका छन् । जसमा जगत्रादेवी मन्दिर प्रवेश, उदयचौर दुग्ध काण्ड र दलित बटुकहरूलाई व्रतवन्धलगायतका संघर्षहरू प्रमुख हुन् ।

वि.स.२०५८ सालमा जगत बन्धु अर्यालको नेतृत्वमा स्याङजा जिल्लाको स्याङजा बजारमा 'श्रीमद् भावगत ज्ञान महायज्ञ' को आयोजना गरिएको थियो । त्यसमा प्रमुख वाचक पण्डित नारायण पोखरेल हुनुहुन्थ्यो । सो महायज्ञमा ब्राह्मण क्षेत्रीका बालकहरूको सामूहिक व्रतवन्ध गरिने कार्यक्रम थियो । उहाँको नेतृत्वमा भएको दलित आन्दोलनले दलितका बालकहरूको पनि व्रतवन्ध गरिनु पर्ने माग गरयो । दलित आन्दोलनको सो मागको सुनुवाई नभएपछि मण्डप नै जलाउने चेतावनी पछि माग त स्वीकार गरियो तर फेरी मण्डप छुट्टाछुट्टै बनाउने षड्यन्त्र भएपछि पुन: आन्दोलनको बलमा बल्ल दुई समुदायका बालकहरूलाई एकै ठाउँमा ब्रतवन्ध गरिएको थियो । त्यसबेला दलित समुदायका उन्नाइस जना बालकहरूको सामूहिक ब्रतवन्ध गरिएको थियो । उहाँको नेतृत्वमा भएको यस आन्दोलनको सफलताबाट विभेदको एउटा पर्खाल भत्केको थियो ।

## नियुक्ति र आन्दोलन

उहाँको जीवनमा बिर्सन नसकिने घटना हो राष्ट्रिय दलित आयोगमा पाएको नियुक्ति । वि.स. २०६१ साल माघ १८ गते दुई वर्षकालागि राष्ट्रिय दलित आयोगको सदस्यको नियुक्तिपत्र बुझ्नु भयो ।

तर त्यसको अर्को दिन अर्थात् माघ १९ गते असक्षमको आरोप लाग्दै सरकार भंग भयो । तत्कालिन राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए लगतै सिंगो देश आन्दोलनमा होमियो । अनि सिंगो दलित आयोग पनि आन्दोलित भयो । उहाँ पनि जनताका अधिकार प्राप्तिको आन्दोलनमा होमिनु भयो । उहाँलाई सेवा सुविधा भन्दा राजनीतिक स्वतन्त्रता अधिक प्रिय थियो । राज्य

पुनर्स्थापनाको व्यवस्थाले गर्दा १४ महिनामा नै राष्ट्रिय दलित आयोग स्वत: खारेजीमा परेको थियो । सो कार्यकाल निकै चुनौतीपूर्ण रह्यो ।

आन्दोलन दिनप्रतिदिन चर्की रहेको थियो । पार्टीका नेताहरूलाई विभिन्न मोर्चाको नेतृत्व दिइएको थियो । त्यसै सम्बन्धमा प्रहरीले मुक्ति समाज, नेपालका अध्यक्ष लालबहादुर विश्वकर्मा र दलित आयोगका अध्यक्ष भागवत विश्वासीलाई गिरफ्तार गर्‍यो । उहाँलाई कीर्तिपुरको मोर्चा र संगठनको कार्यालयको जिम्मेवारी दिइएको थियो । उहाँले दुबै कीर्तिपुर मोर्चा र संगठनको कार्यालयको जिम्मेवारी सम्हाल्नु भएको थियो । वि.स.२०६२ चैत्र २३ गते कीर्तिपुरबाट कलंकी गएर चक्काजाम गर्नुपर्ने थियो । कलंकी स्थित बाबा पेट्रोल पम्पसम्म पुग्न नपाउँदै प्रहरीले धरपकड गर्‍यो । तर पनि उहाँको नेतृत्वमा चक्काजाम गर्ने कार्यक्रम सफल भएको थियो ।

## सभासदसम्मको यात्रा

आन्दोलन जनआन्दोलनमा परिणत भए पश्चात मुलुकमा गणतन्त्र स्थापना भयो । आन्दोलनको एक महत्वपूर्ण एजेण्डा थियो संविधानसभाको निर्वाचन । वि.स. २०६४ सालमा संविधानसभाको निर्वाचन भयो तर संविधान नबनाइ कनै त्यो संविधानसभा विघटन भयो । वि.स. २०७० सालमा पुन: संविधानसभाको निर्वाचन भयो । यसपटक उहाँ समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत सभासद बन्नु भयो । यहाँसम्मको यात्रालाई सफल बनाउन उहाँको परिवारको ठूलो साथ सहयोग रहेको थियो । संविधानसभा भित्र दलित मैत्री संविधान निर्माणमा गम्भीर भएर लाग्नु भयो । हरेक विषयको छलफलमा सक्रिय भएर भाग लिनु भयो । महिला र दलित अधिकार स्थापित गर्नमा उहाँको अहम् भूमिका रहेको छ ।

संविधानसभा सदस्य भई आफ्नै हातले हस्ताक्षर गरी हिजोका संविधान भन्दा तुलनात्मक रूपमा दलितमैत्री संविधान जारी गर्न पाएकोमा उहाँ गौरवको अनुभव गर्नुहुन्छ । नेपालको संविधान जारी भएको दिन वि.स.२०७२ असोज ३, जीवनको सबैभन्दा हौसलापूर्ण र महत्वपूर्ण दिन रहेको उहाँ बताउनु हुन्छ ।

स्थानीय सरकार निर्वाचन सम्बन्धी ऐन बनाउँदा हरेक वडामा दुई जना महिला मध्य एक जना दलित महिला सदस्य बनाउनुपर्दछ भन्ने विषयमा नेपालीले संशोधन प्रस्ताव  हाल्नु भएको थियो । यो संशोधन प्रस्ताव पारित भएको थियो, परिणाम स्वरूप आज स्थानीय निकायको प्रत्येक वडामा एक जना दलित महिला वडा सदस्य बन्नु भएको छ । संविधानमा दलित महिलाको अलग पहिचानकासाथ व्यवस्था गर्न गराउन टेकु नेपालीको महत्वपूर्ण भूमिका छ ।

## सम्मान र पुरस्कार

जनताको सेवामा समर्पित अविवाहित टेकु नेपालीले विभिन्न क्षेत्रमा अनुकरणीय काम गर्नु भएको छ। समाजमा पुरयाउनु भएको योगदानको कदर स्वरूप विभिन्न संघ संस्थाबाट दर्जनौं पटक उहाँ सम्मानित हुनुभएको छ।

शिक्षा क्षेत्रमा उहाँले गर्नुभएको योगदान स्वरूप  शिक्षा दिवस २०५८ मा जिल्ला शिक्षा कार्यलयबाट, २०६० शिक्षा तथा खेलकुद मन्त्रालयबाट मा शिक्षा दिवस पदकबाट पुरस्कृत तथा सम्मानित हुनु भएको छ। त्यसैगरी स्थानीय विकास मन्त्रालय अन्तरगतको उपेक्षित उत्पीडित र दलित वर्ग विकास समितिबाट दलित आन्दोलनमा सक्रिय भूमिका खेले वापत वि.स.२०६६ मा सम्मानित हुनु भयो । भारतको बाबु जगजीवन राम कला संस्कृति तथा साहित्य एकाडेमीबाट अन्तर्राष्ट्रिय अम्बेडकर सामाजिक सम्मान २०१५ प्राप्त गर्नु भएको छ। यी मान र सम्मानहरूले थप संघर्षको यात्रामा हिडन प्रेरित गरेको कुरा उहाँ बडो गर्वका साथ बताउनु हुन्छ ।

भारत र हङकङको भ्रमण गरिसक्नु भएकी नेपाली राजनीतिक र सामाजिक काममा नेपालका ५५ जिल्लामा पुग्नु भएको छ।

पार्टी र विभिन्न संगठनमा काम गर्दा दलित र महिलाप्रतिका सामन्ती सोच, चिन्तन, व्यवहार र विभेदका थुप्रै रूपहरू देख्दै र भोग्दै आउनु भएको छ। यिनै प्रवृतिका विरुद्ध संघर्ष गर्दै आउनु भएको छ। तर संघर्ष अझैं सकिएको छैन । जीवन एक निरन्तर संघर्ष हो भन्ने मान्यतालाई आत्मसात गर्दै अविराम रूपमा अघि बढीरहनु भएको छ, अनेकौं पहाड र पहरा छिचोल्दै अनवरत बगी रहने नदी झैं । ■